# भीमेश्वर नगरपालिका

**चरिकोट, दोलखा,**

**बागमती प्रदेश, नेपाल ।**

## भीमेश्वर नगरपालिकाको आ.व. २०७७/७८ को नीति तथा कार्यक्रम

**सभाध्यक्ष महोदय,**

**नगर सभाका सदस्यज्यूहरू,**

१. भीमेश्वर नगरपालिकाको यस सम्मानित सभामा उप-प्रमुखको भूमिकाबाट आर्थिक वर्ष २०७७/७८ को नीति तथा कार्यक्रम प्रस्तुत गरिरहँदा गर्वको अनुभूति गरेको छु। यो गौरवपूर्ण अवसर प्रदान गर्नु भएकोमा सम्पूर्ण नगरबासी महानुभावहरू प्रति हार्दिक आभार व्यक्त गर्दछु । देशलाई सङ्घीय लोकतान्त्रिक गणतन्त्रको युगसम्म ल्याउने क्रममा जीवन वलिदान गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।

२. नेपाल सरकारको **'समृद्ध नेपाल; सुखी नेपाली'** को दीर्घकालीन सोच हासिल गर्नका लागि आर्थिक वर्ष २०७७/७८ को बजेट परिलक्षित हुनेछ । बजेट तर्जुमा गर्दा नेपालको संविधानमा निर्दिष्ट राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व, नेपाल सरकारको पन्ध्रौं आवधिक योजना, बागमती प्रदेशको पहिलो आवधिक योजना, नेपाल सरकार र बागमती प्रदेश सरकारको आर्थिक वर्ष २०७७/७८ को वार्षिक नीति तथा कार्यक्रम एवम् भीमेश्वर नगरपालिकाको बृहत् आवधिक योजनालाई आधार मानिएको छ। जसले गर्दा **'समृद्ध भीमेश्वर; पौरखी भीमेश्वरवासी'** को नारा फलीभूत हुनेछ ।

३. मुलुक सङ्घीय संरचनामा रूपान्तरण एवम् पुनर्संरचना भई स्थानीय तहको निर्वाचनबाट निर्वाचित भएर भीमेश्वर नगरपालिकाको चौथो बजेटका लागि नीति तथा कार्यक्रम प्रस्तुत गरिरहँदा यसअघि प्रस्तुत भएका आर्थिक वर्ष २०७५/७६ र आर्थिक वर्ष २०७६/७७ का नीति तथा कार्यक्रम र सोका आधारमा प्रस्तुत भएका बजेटहरूलाई स्मरण गर्न चाहन्छु ।

४. यसअघि प्रस्तुत भएका तीन वटा बजेटको कार्यान्वयनबाट यस नगरपालिकाको समृद्धिको यात्रामा सहयोग पुगेको महशुस भएको छ। जनप्रतिनिधिहरूको समन्वय, नगरवासीको सहयोग, विभिन्न सरकारी तथा गैर सरकारी निकायको साझेदारी एवम् नगारिक समाजको सद्भावबाट

नगरपालिकाले विकास निर्माण कार्यलाई गतिशीलता प्रदान गरिरहेको छ। नगरवासीको सुख दुःखमा सधै जनप्रतिनिधिहरूको साथ रहिआएको र भविष्यमा पनि साथ रहिरहने प्रतिवद्धता व्यक्त गर्दछु। विश्वव्यापी रूपमा फैलिएको कोरोना संक्रमण रोकथाममा निर्वाचित जनप्रतिनिधि र नगरवासीहरूले संयुक्त रूपमा गरिएको प्रयास यसको उदाहरणको रूपमा रहेको छ।

५. मानव जातिकै सङ्कटको रूपमा पैदा भएको कोरोना संक्रमण विरुद्ध जित हासिल गर्न विभिन्न क्षेत्रबाट सहयोग गर्नुहुने नगरवासी, अन्तराष्ट्रिय दातृसंस्था, गैरसरकारी संस्था र अन्य सरोकारवाला व्यक्तिहरूप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु। उपचाररत सम्पूर्ण व्यक्तिहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु। यस महामारीको कारण देशभित्र र देशबाहिर जीवन गुमाउनु हुने महानुभावहरूप्रति भावपूर्ण श्रद्धाञ्जली र उहाँहरूको परिवारजनप्रति गहिरो समवेदना प्रकट गर्दछु साथै सम्पूर्ण महानुभावहरूमा यस संक्रमणबाट सुरक्षित हुन आ-आफ्नो तर्फबाट सचेत रहन हार्दिक अपिल गर्दछु।

**सभाध्यक्ष महोदय,**

**नगर सभाका सदस्यज्यूहरू,**

६. अव म यस आर्थिक वर्ष २०७६/७७ मा नगरपालिकाले सम्पादन गरेका मुख्य मुख्य विषय वस्तुहरूको संक्षिप्त विवरण प्रस्तुत गर्न गइरहेको छु।

७. **'भीमेश्वर नगारपालिकाको पार्श्वचित्र २०७५'** को तथ्याङ्कहरूलाई आधार मानी नगरवासीको व्यापक सहभागितामा **'जैविक कृषि, पर्यटन, दिगो पूर्वाधार; शिक्षा, स्वास्थ्य र संस्कृतिले समृद्ध भीमेश्वर'** भन्ने दीर्घकालिक सोच सहितको 'बृहत् आवधिक योजना' तर्जुमा गरिएको छ।

८. आन्तरिक राजस्व बृद्धि गर्न स्थानीय सरकारको वित्तीय अधिकार क्षेत्रभित्रका कर, सेवा शुल्क, दस्तुर र बिक्रीको दर र आधारलाई जनचाहना बमोजिम निर्धारण गरी करको दर भन्दा दायरा फराकिलो बनाइएको छ। आर्थिक वर्षको उत्तरार्धमा कोरोना संक्रमणका कारण राजस्व सङ्कलनमा केही सङ्कुचन आएकोले यसलाई अझ मजबुद बनाउन **आन्तरिक स्रोत परिचालन अध्ययन** गरिएको छ।

९. कृषि क्षेत्रलाई समृद्धिको आधार मान्दै निर्वाहमुखी खेती प्रणालीलाई व्यावसायिकतातर्फ लैजान आधुनिकीकरण र यान्त्रीकरण गर्न कृषकलाई कृषि औजार, उपकरण खरिदमा अनुदान एवम् विविध सहायता प्रदान गरिएको छ। कृषि प्राविधिकहरूको व्यवस्था गरी कृषकहरूको कृषि समस्या स्थलगत रूपमा समाधान गर्ने, विषादी र रासायनिक मलरहित प्राङ्गारिक खेतीलाई

प्रोत्साहन गर्ने, माटो परीक्षण गरी माटोमा खाद्यतत्वको सन्तुलन कायम गर्ने, साना सिँचाई कार्यक्रम मार्फत सिँचाई विस्तार गर्ने व्यवस्था गरिएको छ ।

१०. नगरपालिकालाई किवी जोनको रूपमा विकास गर्न, किवीको प्रवर्द्धन गर्न र कृषि पर्यटनको विकास गर्न २०७६ पुस १७ गते देखि २२ गतेसम्म चरिकोटमा किवी महोत्सव आयोजना गरिएको छ ।

११. **'रोकौँ विदेश जान; खोलौँ आफ्नै कारखाना'** नीति कार्यान्वयन गर्ने सन्दर्भमा यस नगरपालिकाको वडा नं. ७ भुलभुलेमा औद्योगिक ग्राम स्थापना गर्ने कार्य प्रारम्भ गरिएको छ ।

१२. **'शिक्षामा हाम्रो लगानी; स्कुल जान्छन नानी'** भन्ने नारालाई सफल पार्न सामुदायिक र संस्थागत विद्यालयमा रहेको बालबालिकाहरूमा हुन सक्ने मनोवैज्ञानिक विभेदलाई न्यूनीकरण गर्न विद्यालय पोसाकमा एकरूपता ल्याइएको छ । सामुदायिक विद्यालयमा अध्ययन गर्ने कक्षा १ देखि ५ सम्मका विद्यार्थीहरूलाई निःशुल्क पोसाक वितरण गरी शैक्षिक उत्प्रेरणा जगाउने र कक्षा १ देखि ५ सम्म अंग्रेजी माध्यममा अध्यापन गराउने व्यवस्था गरी शैक्षिक गुणस्तर सुधारको थालनी गरिएको छ । यसका लागि अंग्रेजी माध्यमका पाठ्यपुस्तकहरू  खरिदमा अभिभावकहरूलाई पचास प्रतिशत अनुदान र शिक्षकहरूलाई अंग्रेजी माध्यममा अध्यापन गराउन तालिम दिने कार्य सम्पन्न गरिएको छ । स्थानीय पाठ्यक्रमको निर्माण कार्य  थालनी गरिएको छ । सिकाई उपलब्धिको आधारमा विद्यालयलाई पुरस्कृत गर्ने व्यवस्थाको थालनी गरिएको छ ।

१३. बालमैत्री स्थानीय शासनको सबै सूचकहरू पूरा गरी २०७६ भदौ २९ गते यस नगरपालिकालाई बागमती प्रदेशको पहिलो **'बालमैत्री नगर'** घोषणा गरिएको छ र बालमैत्री क्षेत्रमा बालबालिकाहरूको स्थितिपत्र र बालबालिका क्षेत्रको लगानी योजना तयार गरिएको छ । बालमैत्री संरचना निर्माण सुरु गरिएको छ ।

१४. भीमेश्वर नगरवासीको स्वास्थ्यलाई मध्यनजर राखी चरिकोट प्राथमिक स्वास्थ्य केन्द्रमा हाई डिपेन्डेन्सी यूनिट (HDU) स्थापना गरी सेवा सुचारु गरिएको छ। बागमती प्रदेशसँगको पहलमा प्रस्तावित चरिकोट अस्पताललाई प्रदेशस्तरको अस्पताल बनाउन सफलता मिलेको छ। जटिल रोग लागेका अति विपन्न नागरिकहरूलाई दश हजार रूपैयासम्म आर्थिक सहयोग प्रदान गरिएको छ। प्रजनन स्वास्थ्य, पोषण लगायत स्वास्थ्य क्षेत्रमा प्रतिरोधात्मक, प्रवर्द्धधनात्मक, उपचारात्मक र निरोधारात्मक कार्यलाई निरन्तरता दिई स्वास्थ्य सेवा सञ्चालन गरिएको छ ।

१५. कोरोना महामारी नियन्त्रणका लागि **कोरोना संकक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष** खडा गरिएको छ । साझेदारीमा कोरोना संक्रमण नियन्त्रका लागि कार्यक्रम सञ्चालन गर्नुका

साथै क्वारेन्टाइन र आइसोलेसन कक्ष सञ्चालन गरिएको छ । आर.डि.टि. र पि.सि.आर. परीक्षणको दायरा बढाइएको छ ।

१६. सामाजिक सुरक्षा दायित्व अन्तर्गत पूर्ण अशक्त अपाङ्गता नगरवासीहरूका हेरालुलाई घर-घरमा गएर बाह्र हजार रूपैँया आर्थिक सहयोग गरिएको छ। अपाङ्ग परिचय पत्र नगर कार्यपालिकाको कार्यालयबाट र जेष्ठ नागरिक परिचय-पत्र वडा कार्यालयबाट प्रदान गरिएको छ।

१७. ७५ वर्षमाथिका जेष्ठ नागरिकहरूलाई उपचार खर्च सहायता स्वरूप जेष्ठ नागरिक भेटघाट कार्यक्रम गरी प्रतिव्यक्ति एक हजार रूपैँया प्रदान गरिएको छ। सुरक्षित सुत्केरी गराउन, सुत्केरी महिलाको पोषणमा सुधार गर्न र समयमा नै जन्म दर्ता गराउन संस्थागत सुत्केरी भएका महिलाहरूलाई बच्चाको जन्म दर्ता समेतका आधारमा एक हजार रूपैयाँ सुत्केरी पोषण भत्ता प्रदान गरिएको छ । हिंसा विरुद्धको १६दिने अभियान, सडकमा रहेका असहाय महिलाहरूको पुनर्स्थापना, महिलाहरूका लागि सीप विकास, क्षमता विकास, आयआर्जन र सचेतानमूलक कार्यक्रम सञ्चालन गरिएका छन् ।

१८. जेष्ठ नागरिक प्रति सम्मान गर्दै **'एक वडा एक जेष्ठ नागरिक आरोग्य केन्द्र'** स्थापना गर्ने नीति अनुरूप वडा नं. ६ सिमपानी र वडा नं. ५ पिपलबोटमा जेष्ठ नागरिक आरोग्य केन्द्र निर्माण गरिएको छ। हिंसा पीडित महिला र संकटमा परेका बालबालिकाहरूलाई सुरक्षाका लागि सेफ हाउस सञ्चालनमा सहयोग गर्नुका साथै प्रदेश सरकार र जिल्ला समन्वय समिति, दोलखा समेतको सहयोगमा चरिकोटमा सेफ हाउस निर्माण कार्यका सुरुवात भएको छ।

१९. खेलकुद मार्फत नगरपालिकाको पहिचान स्थापित गर्ने नीति अनुरूप **'एक वडा एक खेल मैदान'** निर्माण गर्ने लक्ष्य अनुसार वडा नं. १, ३, ४, ५, ६, ७, ८ र ९ मा खेल मैदान निर्माण कार्यको थालनी गरिएको छ ।

२०. भीमेश्वर नगरपालिका का वडा नं २, ३, ४, ५ र ६ को अधिकांश भाग समेट्ने गरी खानेपानीको सहज आपूर्तिका लागि खानेपानी तथा सरसफाइ विभाग अन्तर्गत चरिकोट खानेपानी तथा सरसफाइ (साना सहरी खानेपानी) आयोजना सञ्चालनमा ल्याइएको छ। साथै **'हाम्रो अभिभार; घर घरमा धारा'** भन्ने नाराका साथ नगरवासीको प्रत्येक घरमा खानेपानी पुऱ्याउन **'एक घर एक धारा कार्यक्रम'** को सुरुवात गरिएको छ। जस अन्तर्गत वडा नं. ७ का ११ वटा मूलहरू समेटी खानेपानी आयोजना सञ्चालन र वडा नं. ५ को बीचमाटीमा अधिकांश घरलाई समेटने गरी आयोजना सञ्चालन गरिएको छ।

२१. नगरपालिकाको कार्यालय भवन अगाडि कवर्ड हल निर्माण, खोरथली पुनर्भरण पोखरी निर्माण, कार्यालय भवन निर्माण, पाखलती व्यावसायिक भवन, सूचना केन्द सहितको प्रवेशद्वार, भ्यूटावर

पूर्वाधार, थामी संग्रहालय, मयुर पार्क, विश्वशान्ति बुद्धपार्क, जलेश्वर महादेव, महाङ्काल मन्दिरका लागि जग्गा खरिद र कम्पाउण्डवाल, वृन्दावन, चम्पुजा, मञ्जुश्री पार्क, मुद्रा संग्राहालय कम्पाउड, नगर विकास कोषको अनुदान तथा सरल ऋण सहयोगमा सातदोबाटोमा सार्वजनिक शौचालय सहितको सपिङ कम्प्लेक्स निर्माण, टुडिखेलको स्तरोन्नती, विभिन्न नगरस्तरीय र नगर केन्द्र एवम् वडाबीचको पहुँच, सडकहरू स्तरोन्नती जस्ता ठूला पूर्वाधार निर्माण र भीमेश्वर मन्दिर आसपासमा भौतिक पुर्वाधारका साथै सोही क्षेत्रहरू लगायत अन्य नगर क्षेत्रमा सोलार सडक बत्तीको व्यवस्था गरिएको छ ।

२२. नेपालको हिमाली क्षेत्र, हिमाल तथा यसको भौगोलिक अध्ययन अनुसन्धान गरी विश्वसामु लैजाने र दोलखा जिल्लामा मानव विकासको महत्त्वपूर्ण आयामको रूपमा रहेको नगरवासीहरूको स्वास्थ्य क्षेत्रमा उच्च योगदान पुऱ्याउने उद्देश्यले स्टाफ नर्स, हेल्थ असिस्टेन्ट, फार्मेसी जस्ता प्राविधिक विषयमा दक्ष जनशक्ति उत्पादन र उपयोग गर्नका लागि स्थानीय पूर्वाधार विकास साझेदार कार्यक्रम अन्तर्गत हिमालय अध्ययन विज्ञान तथा प्रविधि प्रतिष्ठान भवन निर्माण कार्यले निरन्तरता पाइरहेको छ ।

२३. वडा कार्यालयहरू आफ्नै भवनबाट सञ्चालन गरी सेवा प्रवाह गर्ने उद्देश्यले १, ४, ६, ८ वडा कार्यालयका लागि भवन निर्माण गरी सेवा प्रवाह गर्ने व्यवस्था मिलाइएको छ भने वडा नं. ३ का लागि जिल्ला समन्वय समितिको भवनबाट सेवा प्रवाह गर्ने व्यवस्था गरिएको छ ।

२४. खुला चिडियाखाना, थामी सङ्ग्रहालय, वृन्दावन पार्क, विश्वशान्ति बुद्ध पार्क, भीमेश्वर औद्योगिक ग्राम, साइन्स पार्क, मयुर पार्क, साहित्यिक पार्क, मुद्रा संग्राहालय, दोलखा सम्पदा बस्ती, जस्ता पर्यटकीय क्षेत्रका **'बिस्तृत आयोजना प्रतिवेदन (DPR)'** निर्माण गरिएको छ । त्यसैगरी नगर रिङ्गरोड, दोलखा - नागदह, भटमासे - जिलु, अनाथालय -गाइघाट, अनाथालय - महांकाल, पाटीखोला -उखुवारी -कुप्री -सेरा, घेवापानी - शेरा -निगाले बाघखोर सडकको बिस्तृत आयोजना प्रतिवेदन (DPR) तयार गरिएको छ ।

२५. जीवन पद्धति र समृद्धिको आधारको रूपमा रहेको वन र वातावरणको संरक्षण गर्ने नीति अनुरूप **'एक वडा, एक पुनर्भरण पोखरी (Re-charge Pound) निर्माण'** गर्ने लक्ष्यका साथ वडा नं. ६ को खोरथली सामुदायिक वन, बोच र देउरालीमा पुनर्भरण पोखरी निर्माण गरिएको छ ।

२६. विपद् व्यवस्थापनलाई उच्च प्राथमिकता दिँदै विपद् व्यवस्थापन कोषको स्थापना, संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमको सहयोगमा विपद् व्यवस्थापन योजना तर्जुमा, आइ. ओ. एम. को सहयोगमा आपतकालीन आवास र खुला क्षेत्र पहिचान भएको छ । पहिरो नियन्त्रणका लागि आवश्यक पूर्वाधार निर्माण गरिएको छ । विपद्मा परेका व्यक्तिहरूलाई सहयोग गरिएको छ ।

२७. सरसफाइ प्रवर्द्धनका लागि सार्वजनिक निजी साझेदारी पद्धति अवलम्बन गरी सरसफाइ कार्यक्रम कार्य अगाडि बढाइएको छ ।

२८. सार्वजनिक खर्चलाई मितव्ययी र औचित्यपूर्ण बनाइएको छ । खर्चको प्रभावकारिता वृद्धिका लागि संघ, प्रदेश र यस नगरपालिकाको आर्थिक ऐन नियमहरूको पूर्ण पालना गर्ने संयन्त्र विकास गरिएको छ। स्थानीय सञ्चित कोष सञ्चालन र व्यवस्थापनमा एकरूपता र मितव्ययिता कायम गर्न **'स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SUTRA)'** प्रयोगमा ल्याइएको छ ।

२९. कार्यक्रम आयोजनाहरूको गुणस्तरको सुनिश्चितताका लागि अनुगमन कार्यलाई प्रभावकारी बनाइएको छ । अनुगमनबाट दिइएका सुझावको आधारमा सुधार गर्ने र अनुगमन प्रतिवेदनका आधारमा भुक्तानी गर्ने व्यवस्था गरिएको छ ।

३०. स्थानीय सेवा प्रवाह प्रभावकारी बनाउन, दरवन्दी यकिन तथा सङ्गठनात्मक संरचना अद्यावधिक गर्न **सङगठन तथा व्यवस्थापन सर्वेक्षण** गरिएको छ ।

३१. जनतासँग मेयर कार्यक्रम मार्फत नगरवासीको जनजीविकासँग सम्बन्धी भौतिक पूर्वाधार निर्माण र महिलासँग उपमेयर कार्यक्रम मार्फत महिलाहरूको जनजीविकासँग सम्बन्धी सशक्तिकरण एवम् आय आर्जनसँग सम्बन्धित विभिन्न कार्यक्रम/अयोजना सञ्चालन गरिएको छ ।

**सभाध्यक्ष महोदय,**

**नगर सभाका सदस्यज्यूहरू,**

३२. अव म आर्थिक वर्ष २०७७/७८ को नीति तथा कार्यक्रम यस सभासमक्ष प्रस्तुत गर्दछु ।

३३. नगरवासीको व्यापक सहभागितामा **'जैविक कृषि, पर्यटन, दिगो पूर्वाधार; शिक्षा, स्वास्थ्य र संस्कृतिले समृद्ध भीमेश्वर'** भन्ने दीर्घकालीन सोचका साथ तर्जुमा गरिएको **'बृहत् आवधिक योजना २०७७'** मा उल्लेख भएका दीर्घकालिन लक्ष्य र प्रमुख परिमाणत्मक लक्ष्य प्राप्त गर्न विकासका समग्र रणनीति अनुसार कार्य सञ्चालन गरिने छ। विकासका क्षेत्रगत लक्ष्य र उद्देश्य पूरा गर्न अवलम्बन गर्नुपर्ने क्षेत्रगत रणनीति, कार्यनीति पूरा गर्दै क्षेत्रगत आवधिक प्राथमिकता अनुसारका कार्यक्रमहरू सञ्चालन गरी अपेक्षित उपलब्धि हासिल गर्ने प्रयास गरिनेछ ।

३४. आन्तरिक राजस्व वृद्धि गर्न स्थानीय सरकारको वित्तीय अधिकार क्षेत्रभित्रका कर, सेवाशुल्क, दस्तुर र बिक्रीको आधार र दायरा अझ फराकिलो, सहज र सरलीकृत गर्दै लगिने छ । करदाताहरूको कर तिर्ने क्षमता र कोरोना संक्रमणका कारण लामो समय देखिएको बन्दाबन्दीलाई मध्यनजर गर्दै कर सहभागितामा उल्लेखनीय वृद्धि गराउन आगामी आर्थिक वर्षका लागि करका दरहरूमा वृद्धि नगरी सहुलियत दिने नीति लिइने छ । करदाताको

उत्साहजनक सहभागितामा कर सङ्कलन गर्नका लागि करदाता शिक्षा कार्यक्रम सञ्चालन गरिने छ । '**आन्तरिक स्रोत परिचालन अध्ययन प्रतिवेदन २०७७**' को कार्यान्वयन गरिने छ । नगरवासीहरूको योगदानबाट सङ्कलित करलाई पूँजी सिर्जना हुने गरी लगानी गरिने छ । कोरोना महामारीका कारण भएको बन्दाबन्दीलाई लक्षित गरी व्यवसायीलाई व्यवसाय करमा पचास प्रतिशत छुट दिने व्यवस्था गरिएको छ ।

३५. **'व्यावसायिक कृषि, आधुनिक प्रविधि; कृषिमा लगानी नगरको समृद्धि'** भन्ने सोचका साथ कृषिमा आधुनिकीकरण, विशिष्टीकरण र व्यावसायिकरणको नीति लिइने छ । कृषि औजार तथा उपकरणमा साझेदारी गर्ने, नगदे बालीको उत्पादन, पकेट क्षेत्र विकास तथा विशेष बाली एवम् पशुपालनको क्षेत्र निर्धारण गर्ने, बाँझो रहेका जग्गाको उपयोग गर्ने, स्थानीय जातका बिऊ संरक्षण गर्ने, कृषि उपज संकलन, भण्डारण र प्रशोधन कार्य गर्नुको साथै हाट बजारको व्यवस्थापन गर्ने, विषादीलाई निरुत्साहित गरी प्राङ्गारिक कृषि उत्पादनमा प्रोत्साहन, माटो परीक्षण र माटोमा खाद्यतत्वको सन्तुलन कायम गर्ने, व्यावसायिक पशुपालन अनुदान र प्राविधिक सहयोग गर्ने, कृतिम गर्भधान र पशु नश्ल सुधार गर्ने, पशु विमा जस्ता कृषि तथ पशुजन्य उत्पादन र उत्पादकत्व बढाउने, उत्पादनको आधारमा कृषकलाई प्रोत्साहन गर्ने, कृषिमा रोजगारी सिर्जना हुने, नगरपालिकालाई कृषिमा आत्मनिर्भर बनाउने र कृषि उपजहरूको निर्यात बढाउने कार्यक्रम तर्जुमा गरिने छ । स्वस्थ उत्पादन स्वस्थ उपभोगलाई प्रवर्द्धन गरिने छ ।

३६. **'रोकौँ विदेश जान; खोलौँ आफ्नै कारखाना'** नीति कार्यान्वयन गर्न **भीमेश्वर उन्नत कोष**को स्थापना गरी निजी क्षेत्रसँग औद्योगिक लगानीका लागि साझेदार गर्ने नीति लिइने छ । यस्तो कोषबाट स्थानीय सीप, श्रम, प्रविधि र सामग्रीमा आधारित मूल्य शृङ्खला हुने प्रकृतिको लघु, घरेलु र साना उद्योगहरूलाई सहयोग गरिने छ । वैदेशिक रोजगारीबाट फर्किएका नगरवासीहरूलाई विदेशमा सिकेको सीपलाई उपयोग गरी उत्पादनमूलक कार्य गर्न समेत यो कोषबाट सहयोग पुऱ्याइने छ । कोरोनाबाट सिर्जित आर्थिक, सामाजिक समस्या समाधान गर्न आर्थिक उपार्जनसँग सम्बन्धित कार्यक्रमसँग आबद्ध गराइने छ । सबै वडाका अति विपन्न महिला पहिचान गरी उद्यमशीलता तालिम सञ्चालन गर्दै **'एक वडा १० उद्यमी'** को नीति लिई महिला तथा दलितलाई उद्यमी बनाइने छ । यस नगरपालिकाको वडा नं. ७ भुलभुलेमा निर्माणधीन औद्योगिक ग्रामको निर्माण कार्य गरी औद्योगिक वातावरण र अवसरको सिर्जना गरिने छ। गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन गरिने छ। भीमेश्वर वडा नं. ९ खरिढुंगामा रहेको ओरियण्ट म्याग्नेसाइट (खरिढुङ्ग) खानी र वडा नं ८ बोचमा रहेको गाई फर्मलाई सञ्चालनमा ल्याउन र निष्कृय रहेका कृषि फर्मलाई सक्रिय गर्न पहल गरिने छ

। प्रधानमन्त्री रोजगार कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिने छ । **'नगर युवा रोजगार कार्यक्रम'** को सुरुवात गरिने छ ।

३७. **'सबै जमिनमा सिंचाई पुऱ्याऊँ; बाँझो जमिनलाई उर्वर बनाऊँ'** भन्ने मान्यताका साथ कृषियोग्य जमिनमा दीगो एवम् भरपर्दो सिंचाई सुविधा पुऱ्याउने नीति लिइने छ । नहर सिंचाई, थोपा सिंचाई र पोखरी सिंचाई आदि कार्यक्रम सञ्चालन गरिने छ  साथै लिफ्ट सिंचाइ सम्भाव्यताको आधारमा सञ्चालन गर्न समन्वय गरिने छ। यसै वर्ष मऱ्याङखोला दोलखा वेंसी सिंचाई कुलो निर्माणको थालनी गरिने छ।

३८. सहकारी क्षेत्रको बहुआयामिक योगदानलाई उच्च कदर गर्दै सहकारीसँगको साझेदारीमा नगरवासीको आय बृद्धि गर्ने र **सार्वजनिक-सहकारी-समुदाय साझेदारी (PCCP)** ढाँचामा कार्यक्रम सञ्चालन गर्ने नीति लिइने छ । सहकारीले आफ्ना सदस्यहरूको वर्गिकरण गरी विपन्न र गरिब नगरवासीहरूका लागि विशेष सहयोग पुग्ने कार्यक्रम सञ्चालन गर्न र सरल एवम् सहुलियतपूर्ण कर्जा प्रदान गर्न प्रोत्साहन गरिने छ। सदस्यहरूको आर्थिक हितको आधारमा सहकारीको मूल्याङ्कन गर्ने व्यवस्था मिलाइने छ । लक्षित वर्गहरूलाई उद्यमशील बनाउन सहकारीसँगको साझेदारीमा उद्यमशीलता तालिम सञ्चालन गर्ने तथा व्यवसाय सहजिकरण गरिने छ । सहकारीहरू अनुगमन गर्ने र नियमित प्रतिवेदन प्रणालीको विकास र आवश्यक पृष्ठपोषण दिने कार्यक्रम सञ्चालन गरिने छ। सहकारीसँगको साझेदारीमा संकलन केन्द्र तथा बिक्रि केन्द्र सञ्चालन गरिने छ।

३९. विकास आधारशिलाको रूपमा रहेको शिक्षाको विकासमा सर्वोपरी जोड दिने नीति लिइने छ। **'नगरवासीको एउटै इच्छा; जीवनउपयोगी आत्मनिर्भर शिक्षा'** भन्ने नाराका साथ विद्यालय उमेर समूह (५-१२) का सबै बालबालिकाहरू विद्यालय भर्ना गरी विद्यालय बाहिर कुनै पनि बालबालिका नरहेको सुनिश्चित गर्दै लैजाने, विद्यालय भर्ना भएका बालबालिकालाई विद्यालयमा टिकाई राख्ने, सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्ने, सामुदायिक विद्यालयमा अध्ययन गर्ने कक्षा ० देखि ६ सम्मका विद्यार्थीहरूलाई निःशुल्क पोसाक वितरण गरी शैक्षिक उत्प्रेरणा जगाउने कार्यलाई निरन्तरता दिइने छ । कक्षा ० देखि ५ सम्म अंग्रेजी माध्यममा अध्यापन गराउन अंग्रेजी माध्यमका पाठ्यपुस्तकहरू  खरिदमा अभिभावकहरूलाई अनुदान दिने, शिक्षकहरूलाई शैक्षिक उत्प्रेरणा जगाउने, अंग्रेजी माध्यममा अध्यापन गराउन तालिम दिने, शैक्षिक सामाग्री दिने, सिकाई उपलब्धि उच्च भएको विद्यालयलाई पुरस्कृत गर्ने, प्रविधिमा आधारित शिक्षण विधि अवलम्बन गराउने, विद्यालयमा खानेपानी शौचालय आदिको पूर्वाधार

विकास गर्ने र बालमैत्री पूर्वाधार र शैक्षिक सामग्री व्यवस्था गर्ने, विद्यार्थीहरूको शारिरीक तथा बौद्धिक विकासका लागि अतिरिक्त क्रियाकलाप सञ्चालन गर्ने, सीपमूलक, आयमूलक, प्राविधिक, व्यावसायिक र समावेशी शिक्षा जस्ता कार्यक्रम सञ्चालन गर्ने नीति लिइएको छ। शिक्षाको गुणस्तर अभिवृद्धिका लागि अभिभावक शिक्षामा जोड दिइनेछ। स्थानीय पाठ्यक्रम र स्थानीय पाठ्यपुस्तक तयार गरी कार्यान्वयनमा ल्याइने छ। कोरोना संक्रमण सम्बन्धी स्वास्थ्य सचेतना गराउँदै लगिने र केन्द्रीय नीति अनुरूप पठनपाठनलाई अगाडि बढाइने छ।

४०. दोलखा जिल्लाकै पहिलो र नगर गौरवको रूपमा रहेको गौरीशङ्कर बहुमुखी क्याम्पसलाई जिल्लाकै शैक्षिक गन्तव्यका रूपमा विकास गर्न पूर्वाधार निर्माण कार्यक्रम सञ्चालन गरिने छ। साथै नगरपालिकाभित्र रहेका चरिकोट क्याम्पससमेतको शैक्षिक तथा भौतिक पूर्वाधार विकासमा आवश्यक समन्वय गरिने छ। यस नगरपालिका भित्रका स्वदेशबाट चिकित्साशास्त्रमा उच्चशिक्षा अध्ययन गर्ने विद्यार्थीहरूका लागि प्रति व्यक्ति एक लाख रूपैंया प्रोत्साहन स्वरूप उपलब्ध गराउने नीति लिइने छ।

४१. यस नगरपालिकालाई बागमती प्रदेशको पहिलो बालमैत्री नगर घोषणा गरिएको सन्दर्भमा यसको दिगोपनाका लागि रणनीति तथा लगानी योजना अनुरूप लगानी गरी बालमैत्री स्थानीय शासनको अवधारणालाई सुनिश्चित गर्दै लगिने छ। **'अनुशासित विद्यार्थी जीवन र समाजप्रति उत्तरदायी पुस्ता'** विकासका लागि **'स्काउट'** गतिविधिलाई प्रोत्साहन गरिने छ। नगरक्षेत्र भित्र भएका बालगृहरूको अवस्था अनुगमन गरी त्यहाँका पूर्वाधार र अचल सम्पत्ति समेतको अधिकतम् उपयोग गर्न पहल गरिने छ।

४२. खेलकुद मार्फत नगरपालिकाको पहिचान स्थापित गर्ने नीति लिइने छ। **'एक वडा एक खेल मैदान'** निर्माण लक्ष्य अनुसार वडाहरूमा थप खेलमैदानहरू निर्माण गरिने छ। खेलाडीलाई प्रशिक्षण, क्षमता विकास र प्रोत्साहन कार्यक्रम सञ्चालन गरिने छ। नियमित रूपमा खेलकुद प्रतियोगितालाई निरन्तरता दिइने छ ।

४३. विकासमा स्वस्थ नागरिकको महत्त्वलाई दृष्टिगत गरी नगरवासीलाई स्वस्थ बनाउन सर्वसुलभ, भरपर्दो र गुणस्तरीय स्वास्थ्य प्रदान गर्ने, स्वास्थ्य सेवामा सबै नगरवासीको पहुँच सुनिश्चित गर्ने नीति लिइने छ। गर्भवती महिला, आमा र नवजात शिशुको नियमित स्वास्थ्य परीक्षण, स्वस्थ्य सुधार र पोषणमा सहयोग पुग्ने, गर्भवती महिला, आमालाई स्वास्थ्य परामर्श दिने, स्वास्थ्य संस्थाहरूको भौतिक पूर्वाधार निर्माण र सुधार गर्ने, स्वास्थ्य चौकिहरूमा आवश्यक स्वास्थ्य सामग्रीहरूको व्यवस्था गर्ने, स्वास्थ्य चौकी नभएका वा स्वास्थ्य संस्थाले नसमेटेका नगरका क्षेत्रहरूमा शहरी स्वास्थ्य केन्द्रमार्फत स्वास्थ्य सेवा प्रवाह गराउने, आकस्मिक स्वास्थ्य

सेवा सुनिश्चित गर्ने, स्वास्थ्य संस्थासम्म पुग्न नसक्ने जेष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरूलाई स्वास्थ्य शिविर सञ्चालन गर्ने, सबै विद्यालयहरूमा प्राथमिक उपचार सामग्रीको व्यवस्था गर्न लगाइने छ। रक्त सञ्चार सेवा प्रवाह गर्ने, महिला स्वास्थ्य स्वयम् सेविकाहरूलाई परिचालन र प्रोत्साहन गर्ने, स्वास्थ्य सुधार तथा नसर्ने रोगको व्यवस्थापनका लागि योग तथा ध्यान अभ्यास सुरुवात गर्ने जस्ता कार्यक्रम सञ्चालन गरिने छ। स्वास्थ्य क्षेत्रमा प्रतिकारात्मक, प्रवर्द्धनात्मक, उपचारात्मक र निरोधात्मक कार्यक्रम सञ्चालन गरिने छ। प्राथमिक स्वास्थ्य केन्द्र, चरिकोटमा हाई डिपेन्डेन्सी यूनिट (HDU) स्थापना भई सेवा सुचारु गरी सकेको सन्दर्भमा थप आवश्यक पूर्वाधार विकास गरी आई. सि. यु. सम्मको सेवा विस्तारमा जोड दिइने छ। साथै यसलाई सुविधा सम्पन्न प्रदेश अस्पतालको रूपमा विकास गर्न आवश्यक समन्वय र सहकार्य गरिने नीति अनुरूप यसै वर्षबाट प्रदेश अस्पतालका रूपमा अगाडि बढाई सेवा प्रभाकारी बनाइने छ। यस नगरपालिकालाई पूर्ण खोप सुनिश्चितता गर्दै लगिने छ।

४४. **'महामारी विरुद्ध लड्न तयार रहौँ; स्वास्थ्य सचेतान घर घरमा पुऱ्याउँ'** भन्ने सन्देशका साथ कोरोना रोकथाम नियन्त्रणका लागि कोरोना विशेष कोषको निरन्तरता, क्वारेन्टाइन र आइसोलेसन केन्द्रको क्षमता वृद्धि र पुर्वाधारको विकास, स्वास्थ्यकर्मीहरूलाई सुरक्षित सामाग्रीको वितरण, कोरोना नियन्त्रणको लागि सचेतिकरण जस्ता कार्यक्रम सञ्चालन गर्नुका साथै आर.डि.टि र पि.सि.आर. विधिबाट कोभिड परीक्षणको दायरा बढाइने छ।

४५. खानेपानी तथा सरसफाइलाई आधारभूत सेवाको रूपमा लिइने छ। सहरी क्षेत्रमा सहरी खानेपानी आयोजना र ग्रामिण क्षेत्रमा वडास्तरीय खानेपानी आयोजना मार्फत खानेपानीको दीर्घकालीन व्यवस्थापन गरिने छ। यसका लागि क्रमागत खानेपानी आयोजनाहरूको पूर्णता र नयाँ खानेपानी आयोजनाहरूको प्रस्ताव गरिने छ। खानेपानी वितरण प्रणालीलाई व्यवस्थित गरिने छ। सरसफाइ प्रवर्द्धनका लागि सार्वजनिक निजी साझेदारी कार्यक्रमलाई निरन्तरता दिइने छ। फोहोरमैलाबाट प्राङ्गारिक मल उत्पादन गर्ने कार्यक्रम सञ्चालन गरिने छ। टोल सुधार तथा सरसफाइ समिति, नगारिक सचेतना केन्द्रसँगको सहकार्यमा विकास निर्माण तथा सरसफाइ कार्यलाई अघि बढाइने छ। बजार सरसफाइलाई नियमितता दिइने छ। **'हाम्रो अभिभारा; घर घरमा धारा'** भन्ने नाराका साथ **'एक घर एक धारा'** कार्यक्रमलाई निरन्तरता दिइने छ। पिउन योग्य पानीको सहज पहुँच सबै नगरवासीहरूलाई पुऱ्याई पूर्ण सरसफाइको कार्यक्रमलाई अघि बढाइने छ।

४६. ऐतिहासिक तथा सांस्कृतिक नगरी दोलखाको सम्पदा बस्ती विकास र अन्य सांस्कृतिक पुरातात्त्विक विषयमा अध्ययन अनुसन्धान गरी विस्तृत कार्ययोजनाका आधारमा भाषा, लिपी,

कला, संस्कृति, सम्पदा, धार्मिक स्थल आदि सांस्कृतिक धरोहरहरूको संरक्षण गर्ने नीति लिइने छ। आदिवासी, जनजाति र दलित समुदायहरूको परम्परागत सीप र कलाको संरक्षण र सम्बर्द्धन गरिने छ। स्थानीय मठ, मन्दिर, गुम्बा, चर्च एवम् चाडपर्व तथा जात्राको जर्गेना तथा सम्बर्द्धन गरिने छ। उल्लेखित कार्यहरूका लागि कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिने छ।

४७. सामाजिक समावेशीकरणको मर्मलाई आत्मसात गर्दै महिला, बालबालिका, दलित, जनजाति, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक र आर्थिक र सामाजिक रूपमा पछाडि परेका लगायतका लक्षित वर्गहरूको आर्थिक सामाजिक सशक्तिकरण र मूलप्रवाहिकरण र सचेतीकरण गर्ने नीति लिइने छ। जातीय विभेद न्यूनीकरणका लागि नगरस्तरीय निगरानी केन्द्र गठन गरी विभेदका घटनाहरूको मासिक रूपमा अनुगमन गरिने छ। साथै दलित र गैर दलित समुदायबीच अन्तर जातीय विवाह गर्ने जोडिलाई प्रोत्साहन स्वरूप पचास हजार प्रदान गरिने छ। हिंसा विरुद्धको १६दिने अभियान लगायतका अभियानमार्फत सामाजिक सचेतना अभिवृद्धि गरिनेछ। लक्षित वर्गको सीप तथा क्षमता विकास, आयआर्जन र सहयोगका लागि कार्यक्रम सञ्चालन गरिने छ।

४८. जेष्ठ नागरिक प्रति सम्मान गर्दै **'एक वडा एक जेष्ठ नागरिक आरोग्य केन्द्र'** स्थापना गर्ने कार्यक्रमलाई निरन्तरता दिइने छ। जेष्ठ नागरिक भेटघाट कार्यक्रमलाई निरन्तरता दिइनेछ।

४९. बालश्रम निवारण गर्ने, हिंसापीडित महिला र संकटमा परेका बालबालिकाहरूलाई सुरक्षाको व्यवस्था मिलाइने कार्यक्रम सञ्चालन गरिने छ। सामाजिक सुरक्षा भत्ता वडाहरूका केन्द्रबाट वितरण गर्ने व्यवस्था गरिने छ। महिला हिंसा, जातीय भेदभाव र छुवाछुत, मानव बेचविखन विरुद्धको अभियान तथा कार्यक्रम सञ्चालन गरिने छ।

५०. धार्मिक, सांस्कृतिक, ऐतिहासिक र साहसिक पर्यटनको विकास गन्तव्यको रूपमा यस नगरपालिकालाई विकास गर्ने, पर्यटनमार्फत आर्थिक वृद्धि र रोजगारी वृद्धि गर्ने नीति लिइने छ। **'एक वडा एक पार्क'** निर्माण गरिने छ। सोलर पार्क, मञ्जुश्री पार्क आदि पार्कहरू निर्माण गरिने छ। पर्यटकीय स्थलहरूको पहिचान, प्रचार प्रसार र पर्यटकीय स्थलहरूमा पूर्वाधार निर्माण तथा विकास गर्ने कार्यक्रम ल्याइने छ। निर्माणाधीन भीमेश्वर प्रवेशद्वारसँगैको स्थानमा पर्यटन सूचना केन्द्र स्थापना गरिने छ। **'आस्थासँग जोडौं सम्पदालाई; पदमार्ग खोलौं पर्यटकलाई'** भन्ने नाराका साथ मञ्जुश्री - विश्व शान्ति बुद्ध पार्क पदमार्ग, थामी सङ्ग्रहालय - विश्व शान्ति बुद्ध पार्क पदमार्ग, वृन्दा वन - साहित्यिक पार्क पदमार्ग र हात्तिछहरा पदमार्ग निर्माण गरिने छ। होटल व्यवसायीहरूसँगको सहकार्यमा पर्यटक आतिथ्यता र सत्कार कार्यक्रम सञ्चालन गर्ने र पर्यटकहरूको सुरक्षाका लागि सडक बत्ती, सी.सी.टी.भी. आदिको व्यवस्था गरिने छ। वडा

नं.-९ को डाँड्डुङे डाँडामा अन्तर्राष्ट्रिय चलचित्र नगरी निर्माणलाई गति प्रदान गर्न प्रदेश तथा संघीय सकरकारसँग समन्वय गरिने छ । भीमेश्वर मन्दिर, कालिञ्चोक मन्दिर र जनकपुरधामबीचको धार्मिक पर्यटकीय सर्किट विकास गरी पर्यटन विकास गरिनेछ ।

५१. नगरपालिका लगायत जिल्लाकै रूपान्तरणकारी तामाकोशी तेस्रो जलविद्युत आयोजना पूर्ण क्षमता र यथाशीघ्र कार्यान्वयनमा ल्याउन पहल गरिने छ । चीन भारत जोडने छोटो मार्ग तामाकोशी करिडोरलाई तामाकोशी वारि नगरपालिका हुँदै निर्माण गर्न प्रयत्न गरिने छ । नगर गौरवको लागि नगरपालिका भित्रका प्रत्येक वडाको छुट्टाछुट्टै पहिचान हुनेगरी एक वडा एक पहिचान कायम गरिने छ । विकासको अर्को मुख्य आधारको रूपमा रहेको सडकको विस्तार गरी नगरवासीको जनजीवन सहज बनाउन सहयोग पुऱ्याइने छ । नगर सडक गुरुयोजना (MTMP) तर्जुमा गरी नगरपालिकामा व्यवस्थित सडक सञ्जाल विस्तार गरिने छ । मुख्य सडकहरूलाई बाह्रै महिना सञ्चालनमा ल्याउने गरी स्तरोन्नती गर्ने, वातावरणमैत्री हरियाली सडक निर्माण गर्ने, महत्त्वपूर्ण सडकहरूलाई कालोपत्रे गर्ने, सडकको दायाँ बायाँ वृक्षारोपणमा प्रोत्साहन गर्ने, सडक निर्माण मापदण्ड कडाइका साथ लागू गरी सुरक्षित सडक निर्माण गर्ने, सडकको लगत तयार गर्ने र सडकले चर्चेको जग्गाको लगत कट्टा गर्ने कार्यक्रमको प्रारम्भ गरिने छ । लागत साझेदारीमा शहरी सडक स्तरोन्नती गर्ने कार्यलाई निरन्तरता दिइने छ । यातायात क्षेत्र व्यवस्थित गर्न वसपार्क निर्माण स्थल पहिचान, विस्तृत आयोजना प्रतिवेदन तयार गरी निर्माणका लागि आवश्यक समन्वय गरिने छ । सहरी क्षेत्रमा पार्किङ्ग स्थलहरूको निर्माण गरिने छ । सूचना तथा सञ्चारको क्षेत्रलाई प्रभावकारी बनाउन सूचना हाईवे (अप्टिकल फाईबर) बिच्छ्याउने कार्यलाई पूरा गर्न सम्बन्धित सरोकारवालासँग समन्वय गरिने छ ।

५२. व्यवस्थित आवास भवन निर्माणका लागि भवन संहिताको पूर्ण पालना गराउने र योजनावद्ध सहरी पूर्वाधार विकास गर्ने नीति लिइने छ । सहरी क्षेत्रमा सडक बत्ती व्यवस्था गर्ने, भीमेश्वर नगरपालिका-४ जिलु, भीमेश्वर नगरपालिका-१ वोसिम्पा एकीकृत बस्तीको कार्यमा तिव्रता दिने, वडा नं.-२ स्थित सम्पदा वस्तीको निर्माणलाई घरधनीसँगको सहकार्यमा तिब्रता ल्याइने छ र अन्य क्षेत्रमा समेत ल्याण्ड पुलिङ्ग, एकिकृत बस्ती र व्यवस्थित सहर विकास गर्ने कार्यक्रम सञ्चालन गरिने छ । सहरी क्षेत्रमा हरियाली प्रवर्द्धन, सहरी सौन्दर्य र स्वच्छ सहर अभियान सञ्चालन गरिने छ । नगरपालिकाको वडा कार्यालय भवनहरू निर्माण गर्ने कार्य निरन्तरता दिइने छ ।

५३. **'वातावरणमैत्री दिगो पूर्वाधार; समृद्ध नगरको बलियो आधार'** भन्ने मान्यतालाई आत्मसात गर्दै भीमेश्वर नगरपालिका वडा नं. ३ स्थित टुडिखेलमा राष्ट्रियस्तरको रङ्गशाला निर्माण, कार्यालय

भवन अगडी सुविधा सम्पन्न कवर्डहल, भीमेश्वर प्रवेशद्वार, भीमेश्वर बहुउद्देश्यीय भवन, विभिन्न पार्कहरू लगायतका ठूला पूर्वाधार निर्माण कार्य गरिने छ ।

५४. जीवन पद्धति र समृद्धिको आधारको रूपमा रहेको वन र वातावरणको संरक्षण गर्ने नीति लिइने छ । सामुदायिक वन व्यवस्थित गर्ने, आवश्यक नियमन गर्ने, सामुदायिक वन उपभोक्ता समितिहरू र सामुदायिक वन उपभोक्ता महासंघसँगको सहकार्यमा वन पैदावारमा आधारित व्यावसायिक खेति तथा उद्यम सञ्चालन गरी आयआर्जन गर्ने, **'एक वडा, एक पुनर्भरण पोखरी (Re-charge Pound) निर्माण'** गर्ने कार्यलाई  निरन्तरता दिइनेछ ।  जलवायु परिवर्तनको असरहरूलाई न्यूनीकरण पारिस्थितिकीय प्रणालीहरू संरक्षण गर्दै जीविकोपार्जन सुधार गर्ने कार्यक्रम सञ्चालन गरिने छ ।

५५. विपद् व्यवस्थापनलाई उच्च प्राथमिकता दिने नीति लिइने छ । नगरपालिकाको वारुणयन्त्रलाई प्रभावकारी सञ्चालनको व्यवस्था गरिने छ । व्यावसायिक घर,  संस्थागत भवन र पसलहरूमा आगो निभाउने ग्याँस राख्न लगाइने छ ।   नदी नियन्त्रण र पहिरो व्यवस्थापन गर्ने, विपद् व्यवस्थापन कोषको स्थापना गरी कार्यविधि बनाई लागू गर्ने, विपद् व्यवस्थापन योजना तर्जुमा गरी लागु गर्ने, खुला क्षेत्र पहिचान र आवश्यक पूर्वाधार विकास गर्ने कार्यक्रम सञ्चालन गरिने छ । युवा परिचालन मार्फत विपद् व्यवस्थापन, वातावरण संरक्षण जस्ता कार्यक्रम सञ्चालन गरिने छ । विपद् व्यवस्थापनका लागि साझेदार संस्थाहरूसँगको सहकार्यमा विपद् व्यवस्थापन सूचना प्रणालीसहितको आपतकालीन सेवा केन्द्र स्थापना र सञ्चालन गरिने छ ।

५६. नगर क्षेत्रको सार्वजनिक जग्गा र खुला क्षेत्रको पहिचान गरी संरक्षण एवम् अभिलेख गर्ने कार्यक्रम सञ्चालन गरिने छ ।

५७. विभिन्न निकायसँगको सहकार्यमा बैकल्पिक उर्जाका कार्यक्रमलाई प्रोत्साहित गरी सञ्चालन गरिने छ ।

५८. नगरपालिकाको सेवा प्रवाहमा सेवाग्राहीमैत्री र प्रविधिमैत्री बनाई सुशासनको प्रत्याभूति दिइने छ । नगरवासीहरूलाई सेवा प्रवाह सम्बन्धमा सहज गुनासो गर्न सक्ने र यथाशीघ्र गुनासो सुनुवाई गर्ने संयन्त्र विकास गरिने छ । स्थानीय सेवा प्रवाह प्रभावकारी बनाउन सङगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन अनुसार दरवन्दी यकिन तथा सङ्गठनात्मक संरचना अद्यावधिक गरिने छ । भीमेश्वर नगरपालिकाको **सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण अध्ययन प्रतिवेदन २०७७** अनुसार कर्मचारीहरूको कार्यविवरण यकिन गरी कार्यसम्पादनमा जवाफदेही बनाइने छ । क्षमता विकासका लागि तालिम र अभिमूखिकरण कार्यक्रम सञ्चालन गरिने छ । कार्यालयका

कर्मचारीहरूलाई योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रममा आवद्ध गरिने छ। कर्मचारी कल्याणकोषमा आवश्यक वजेटको व्यवस्था गरिने छ।

५९. नगरपालिकाबाट वार्षिक कार्ययोजना बनाई कार्यान्वयन गरिने छ। नियमित रूपमा समीक्षा र सार्वजनिक सुनुवाई गर्ने व्यवस्था गरिने छ। अनुगमनलाई थप प्रभावकारी बनाई कार्यसम्पादनको आधारमा भुक्तानीको प्रक्रिया अगाडि बढाइने छ। आयोजनाहरूको नतिजामुखी अनुगमन प्रणालीको सुरुवात गरिने छ। आयोजना कार्यान्वयनको सन्दर्भमा देखिएका बाधा अवरोधलाई अनुगमन गरी यथाशीघ्र समाधान गरिने छ। विकास निर्माण कार्यमा वित्तीय अनुशासन कायम गरिने छ।

६०. नगरवासीका लागि उपभोग्य वस्तु नियमित आपूर्ति गराउने र अभाव हुन नदिने नीति लिइने छ। यसका लागि सम्बन्धी निकायहरूसँगको समन्वय र सहकार्यमा नियमित बजार अनुगमन गरी आवश्यक सुधार गर्न लगाइने छ।

६१. सूचना तथा सञ्चार र प्रविधि क्षेत्रलाई व्यवस्थित गरी नगरवासीलाई सहज रूपमा सञ्चार माध्यम र प्रविधिबाट छिटो र भरपर्दो सूचना उपलब्ध गराइने छ। मेट्रिक प्रणलीमा आधारित घरहरूको साङ्केतीकरण कार्यलाई पूरा गरी सडक मार्गको नामकरण अनुसार पुस्तिका तयार गरिने छ साथै घर नक्शा पासलाई डिजिटाइज गर्ने कार्य पूरा गरिने छ। सूचनाको हकको पूर्ण प्रत्याभूति गर्ने, नगरपालिकाको सूचनाहरू नियमित रूपमा विभिन्न माध्यमबाट नगरवासीहरूलाई सम्प्रेषण गर्ने, हालको **भीमेश्वर डबली एप्स लाई स्तर वृद्धि गरी** नगरवासीलाई सूचना प्रवाह गर्ने व्यवस्था गरिने छ। नगरपालिकाबाट भए गरेका कार्यहरू नगरवासीमा जानकारी गराउने उद्देश्यले नगारपालिकाको वेवसाइट नियमित अद्यावधिक गर्नुका साथै आवधिक रूपमा बुलेटिन प्रकाशन गरिनेछ। स्थानीय सञ्चार माध्यमहरूलाई प्रवर्द्धन गर्न सहयोग पुग्ने कार्यक्रम सञ्चालन गरिने छ।

६२. समृद्ध नगर निर्माणका लागि नगरपालिकाले संघीय र प्रादेशीक सरकार, सहकारी, गैरसरकारी र निजी क्षेत्रसँगको समन्वय र सहकार्यलाई प्रमुख रणनीतिको रूपमा लिइनेछ।

६३. नगरको समृद्धि र विकासका लागि विकास साझेदारका रूपमा सरकारी कार्यालय, राष्ट्रिय अन्तर्राष्ट्रिय दातृ निकाय, सहकारी र गैरसरकारी संस्थालाई सहकार्यको लागि आमन्त्रण गरिने छ। संघ संस्था लगानी मैत्री वातावरण बनाई विकास साझेदारसँग सहलगानी र सहकार्य गरिने छ।

अन्त्यमा, आर्थिक वर्ष २०७७/७८ को भीमेश्वर नगरपालिकाको वार्षिक नीति तथा कार्यक्रम तर्जुमा कार्यमा महत्वपूर्ण सुझाव प्रदान गर्नुहुने सर्म्पूण महानुभावहरू प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु।

धन्यवाद्

कमला बस्नेत

नगर उप-प्रमुख

भीमेश्वर नगरपालिका

९ असार, २०७७